# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ७, संख्या २ मितिः २०८१/०१/३०**


## भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति** : २०८१/०१/२७ **प्रमाणिकरण मिति** : २०८१/०१/२८

## "भैंसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"

**प्रस्तावन** : चम्पादेवी गाउँपालिकाको लागि आ.व २०८०/०८१ मा कृषि, पशुपंक्षी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि स्थानिय तहमा सर्सत वित्तिय विशेष अनुदान तथा अन्य हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस चम्पादेवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट भैंसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "भैंसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क)** “कार्यविधि” भन्नाले भैंसी प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) “कार्यक्रम” भन्नाले भैंसी प्रवर्धन कार्यक्रम सम्झनु पर्छ ।

(ग) “कार्ययोजना” भन्नाले दुध उत्पादन बढाउन व्यवसायिक रुपमा भैंसी पालन गर्न तयार गरिएको कार्ययोजना सम्झिनु पर्छ ।

(घ) “कार्यालय” भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) “शाखा” भन्नाले चम्पादेवी गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्छ ।

(च) “प्रदेश” भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(छ) “मन्त्रालय” भन्नाले कोशी प्रदेशको कृषि तथा पशुपंक्षी विकाश मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) “वडा कार्यलय” भन्नाले चम्पादेवी गाउँपालिका मातहतका सबै १० वटा वडाहरु सम्झनु पर्छ ।

(झ) “आवेदक” भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कृषक समुह/सहकारी/निजि क्षेत्र/कृषक सम्झनु पर्छ ।

(ञ) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका भैंसी पालक कृषक समुह/सहकारी/निजि क्षेत्र सम्झनु पर्छ ।

(ट) “निजि क्षेत्र” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फार्म सम्झनु पर्छ ।

(ड) “कृषक समुह” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह सम्झनु पर्छ ।

(ढ) “सहकारी” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

**(क)** चम्पादेवी गाउँपालिकामा बाहिरबाट आयात गरिने भैंसी राँगो, पाडापाडी संख्या कम गराउने,

(ख) दूध को आयात न्यूनिकरण गर्ने,

(ग) भैंसीपालन पेशालाई मर्यादित र व्यवसायिक बनाउने ।

(घ) दुध तथा दुधजन्य पदार्थमा आत्मनिर्भर हुने ।

(ङ) खाद्य सुरक्षा तथा पोषणको स्थिति सुदृढ गर्ने ।

## परिच्छेद - २

## समिति सम्बन्धि व्यवस्था

**४.** भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी,पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मूल्यांकन समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) आर्थिक विकास समिति संयोजक | सदस्य |

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी -१ जान — सदस्य

(च) शाखा प्रमुखले तोकेको पशु सेवा शाखाको कर्मचारी -१ जना — सदस्य

(छ) पशु सेवा शाखा प्रमुख — सदस्य सचिव

४.१ मूल्यांकन समितिले निर्णय गर्दा लिईने आधारहरु

(क) पशु सेवाको कर्मचारीहरुले गरेको स्थलगत अनुगमन प्रतिवेदन ।

(ख) आवेदकले पेश गरेको अनुसुचि -१ बमोजिमको निवेदन, अनुसुचि -२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसुचि ३ बमोजिमका कार्ययोजना विवरण ।

(ग) विगतका ३ आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुचि -४ बमोजिमको स्व-घोषण पत्र ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**५.सुचना प्रकाशन :** यस स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि १५ दिने आवेदन मागको सुचना प्रकाशन गरि माग संकलन गर्नुपर्नेछ ।

**६. प्रस्ताव पेश गर्ने :** कार्यक्रम सहभागि हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु, अनुसुचि-१ बमोजिमको आवेदन पत्र, अनुसुचि-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसुचि-३ बमोजिमका कार्ययोजना विवरण, अनुसुचि-४ बमोजिमको स्वघोषण पत्र र सुचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालन :**

(१) यस कार्यक्रम चम्पादेवी गाउँपालिकाका वडाहरुमा सञ्चालन हुनेछ ।

(२) निजि क्षेत्रका आवेदकले कम्तिमा माँउ २ वटा वा सो भन्दा बढि भैंसी पालन गरेको हुनुपर्ने छ ।

(३) समुह वा सहकारीको हकमा कम्तिमा १५ जना भैंसीपालक कृषक सदस्य समावेश हुनुपर्नेछ र प्रत्येक सदस्यले कम्तिमा २ वटा माँउ भैंसी पालन गरेको हुनुपर्ने छ ।

(४) दफा २ र घ बमोजिम छनौट भएका कृषकहरुलाई गाउँपलिकाले अनुदान उपलब्ध गराउने छ ।

**८. अनुदान प्रतिशत र सिमा :**

(१) कुल लागतको बढीमा ९० प्रतिशत अनुदान र कम्तिमा १० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्छ ।

(२) विगतका ३ वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रम मा छनौट गर्न पाइने छैन ।

**९. साझेदार संस्थाको छनौट :** साझेदार संस्थाको छनौट यस चम्पादेवी गाउँपालिकाले गर्नेछ ।

**१०. सम्झौता :** छनौट भएका आवेदकहरुसँग गाउँपालिका कार्यलयले अनुसुची -५ बमोजिमको सम्झौता गर्ने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**११.**अनुदान रकमको तिन (३) प्रतिशत कन्टेनजेन्सि स्वरुप कट्टा गरिने छ । कार्यालयले उक्त रकम अनुगमन भ्रमण खर्च, भत्ता तथा अन्य प्रशासकिय कार्यको लागि खर्च गर्ने छ ।

१२. साझेदार संस्थाले प्राप्त गर्ने अनुदान विवरण र स्वलगानीको क्षेत्र : रकम (रु हजारमा)

| क्र.स | कार्यक्रम को विवरण | अनुदान रकम | स्वलगानि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुधालु भैंसी खरिद | ९०% | १०% | १००% | |

**१३.**अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले सम्झौता बमोजिम गोठ निर्माण गरेको वा दुधालु भैंसी खरिद गरेको विल/भरपाई कार्यालयमा पेश गर्नु पर्ने छ ।

**१४.** यस कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धि अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुने छ ।

**१५.भुक्तानि :** सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन,तथा अन्य आवश्यक कागजात पेश भएपछी प्रचलित ऐन, नियमावलीको अधिनमा रही भुक्तानि गर्नुपर्ने छ ।

## परिच्छेक - ५
## विविध

**१६.अनुगमन तथा मूल्यांकन :** पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मुल्यांकन समितिले मुल्यांकनको आधारको अधिनमा रहि मुल्यांकन गर्नुपर्ने छ। अनुगमन समिति तथा अनुगमन कर्ताबाट गलत सूचना र सिफारिस भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**१७.कारवाहिको व्यवस्था :** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्ने छ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दूरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित व्याजसहित असुल उपर गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन । साथै सिफारिस कर्ताबाट गलत विवरण उल्लेख गरेमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**१८.प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका वुंदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुने छ ।

**१९.संशोधन** : यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधाअड्चन परेमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

## अनुसुची - १
## आवेदन - पत्र

मिति :

श्री कार्यालय प्रमख ज्यू,
चम्पादेवी गाउँपालिकाको कार्यालय
कालिका ओखलढुंगा ।

**विषय :** अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

**महोदय,**

प्रस्तुत बिषयमा मिति ..........................गते प्रकाशित सुचना अनुसार दरखास्त माग भए बमोजिम भैँसी प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सुचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिन्छ। सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्याहोरा जानकारीको लागि अनुरोध छ ।

**तपशिल :**

१. अनुसुचि -१ बमोजिमको आवेदन पत्र, अनुसुचि -२ बमोजिमको प्रतिवद्धता अनुसुचि -३ बमोजिमका कार्ययोजना विवरण ।

२. सम्बन्धीत व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।

३. आवेदकको फर्म दर्ता, पान नं. दर्ता, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको  अनुसुचि -४ बमोजिमको स्वघोषण पत्र ।

५. कृषक समुह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि ।

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र ।

निवेदक :

नाम :
ठेगना :
मोवाईल नं. :
दस्तखत  :
संस्थाको छाप :

## अनुसुचि -२
## प्रतिबद्धता पत्र

........................को मिति ........................को सूचना .....................  ....कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने छु । कार्ययोजना अनुसारको कार्य नगरेमा चम्पादेवी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्छौं । अनुदान प्राप्त भैसी कम्तिमा तीन बर्ष पाल्ने छु र उक्त भैसी व्यवसायिक प्रयोजनका लागि प्रयोगमा ल्याउनेछु । साथै सञ्चालित कृयाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

**सझेदारको तर्फबाट**

नाम :

ठेगना :

मोवाईल नं. :

दस्तखत :

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

# अनुसुची -३

## कार्ययोजना विवरण

१. व्यवसायको परिचय :

२. उदेश्य :

३. भैंसी पालन व्यवसायमा अनुभव :

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरण :

६. साझेदारी सञ्चालन गरिने प्रस्तावित कार्यविवरण :

| क.स | कार्यक्रम को विवरण | अनुदान रकम | स्वलगानि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुधालु भैंसी खरिद | ९०% | १०% | १००% | |

७. साझेदारी भैंसी प्रवर्द्धन गर्ने आवेदक न्यनतम अनुदान रकम र स्वलगानि रकम प्रस्तावित कार्ययोजनाम समावेश गर्नु पर्ने छ।

८. अपेक्षित वार्षिक प्रतिफल :

**आवेदन पेश गर्ने साझेदारीको :**

कृषक/निजी फार्म/समुह/सहकारीको नाम..........................................सम्पर्क नं..............................

ठेगाना : जिल्ला .......................गाउँपालिका/...................................वडा नं........ गाउँ/टोल...................

भैंसी पालन गरिने स्थान :

आवेदकको तर्फबाट सहि गर्नेको :

नाम : औठाको/संस्थाको छाप

दस्तखत :

मिति :

**अनुसुचि -४**

**स्व-घोषणा पत्र**

श्री कार्यालय प्रमख ज्यू,
चम्पादेवी गाउँपालिकाको कार्यालय
कालिका ओखलढुंगा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ..........................को सुचना अनुसार .........................ले भैंसी प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपलशिलका बुदाँहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं । यदी यस स्व-घोषणामा केहि झुठो पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपशिल,

१.यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।
२.कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।
३.विगतका ३ आर्थिक वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

आवेदकको नाम :
पद :
ठेगाना :
समुह/सहकारीको नाम :
समुह/सहकारीको छाप :
सम्पर्क नं. :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

छाप

**अनुसुचि-५**

## सम्झौता-पत्र

आ.ब. २०८०/०८१ मा सञ्चालन हुने भैंसी प्रवर्द्धन कार्यक्रमको लागि चम्पादेवी गाउँपालिकाको कार्यालय ......................(यस भन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका निजि क्षेत्र ....................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपशिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको ।

**शर्तनामाहरु :**

**१.**प्रथम पक्षले बुँदा नं. १ बमोजिमको कार्यको लागि रु.....................अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२.दोस्रो पक्षले अनुदान रकम नियमानुसार खर्च गरि प्रमाणित विल भरपाईहरु प्रथम पक्षलाई बुझाउनुपर्ने छ ।

३.प्रथम पक्षले दोस्रो पक्षलाई भैंसी प्रवर्द्धन कार्यक्रमका लागि सम्झौता बमोजिमको अनुदान रकम कार्ययोजना बमोजिम कार्य सम्पन्न भए पश्चात बैंक खातामा जम्मा गरि उपलब्ध गराउने छ ।

४.दोस्रो पक्षले प्रथम पक्षबाट आश्यक प्राविधिक जानकारी प्राप्त गरी आफुले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्ने छ ।

५.दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्ने छ ।

६.यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वमं हुने छ ।

७.अनुदान रकम लिई सकेपछि कम्तिमा २ बर्षसम्म भैंसीको संख्या घटाउन पाईने छैन ।

८.दोस्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सो को सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ ।

९.यो सम्झौता चालु आ.व २०८०/०८१ को लागि मात्र हुने छ ।

१०.यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

प्रथम पक्ष :
कार्यलयको तर्फबाट
नाम :
पद :
दस्तखत :
सम्पर्क नं. :
कार्यालयको छाप :

दोस्रो पक्ष :
साझेदार संस्थाको तर्फबाट :
नाम :
पद :
दस्तखत :
सम्पर्क नं.
संस्थाको छाप :

ईति सम्वत्.........................साल ........................ महिना ....... गते रोज ............. शुभम्... ।

आज्ञाले,

प्रेम प्रसाद सुवेदी

नि प्रमुख प्रशासकीय अधिकृत